# लक्ष्मीपुर पतारी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा
प्रदेश नं. २, नेपाल
ईमेलः laxmipurpatari@gmail.com


प. सं. : २०७६/७७

चलानी नं. : .............

मिति : २०७५।१०।२८

# सूचना! सूचना!! सूचना!!!

**बिषयः छोरी बिमा शिविर सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ को मुख्यमन्त्री अभियान अन्तर्गत बेटी बचाउ बेटी पढाउ अभियान कार्यक्रम अनुसार मिति २०७५ साल माघ ०१ गते र त्यस पछि जन्मेका सबै बालिका (छोरी) हरुको लागि छोरी शिक्षा बिमा/मुद्दती बचत खाता सम्बन्धी कार्य गर्न शिविर संचालन हुने भएकोले तपसिल बमोजिमको मिति, समय र स्थानमा उल्लेखित वडाको अभिभावकहरु तपसिलका कागजात सहित उपस्थित भई आ-आफ्नो बालिका (छोरी) हरुको बिमा गराउनको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| वडा नं. १, २, ३ र ४ | वडा नं. ५ र ६ |
|---|---|
| मितिः २०७६।११।०४ गते<br>स्थानः गाउँपालिकाको कार्यालय<br>समयः बिहान १० बजे देखि | मितिः २०७६।११।०५ गते<br>स्थानः मा.वि. सितापुर<br>समयः बिहान १० बजे देखि |

**आवश्यक कागजातहरुः**

१. छोरी जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. बुवा वा आमा (निवेदक) को नागरिक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. छोरीको पासपोर्ट साईजको फोटो - ६ प्रति
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो - ६ प्रति
५. बैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी

**नोटः** मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको जन्मदर्ता गराउन छुट भएका अभिभावकहरुको हकमा सोही दिन उल्लेखित स्थानमै जन्मदर्ता प्रमाणपत्र बनाई बाँकी कार्य अगाडी बढाईने छ ।

०७६।११।२८
प्रमुख प्रशासकीय अधिकृत




Scanned by CamScanner